
# लेखापरीक्षण प्रतिवेदन

# जयपृथ्वी नगरपालिका, बझाङ

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## जयपृथ्वी नगरपालिका, बझाङ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट बिनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/658

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
जयपृथ्वी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बझाग।

## कैफियतसहितको राय

हामीले जयपृथ्वी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१० करोड २३ लाख ३२ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३६ लाख ६७ हजार, गरीबसँग विश्वेस्वर कार्यक्रमको रु.४ लाख १५ हजार र राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजनाको रू.१ लाख समेत रु.१० करोड ६५ लाख १४ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.१ अर्व ४६ करोड ९२ लाख ४६ हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड ३८ लाख १२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१४ लाख ३० हजारको प्रतिक्रियाबाट फछ्यौंट भई बाँकी रहेको बेरुजुमध्ये असुल गर्नुपर्ने रू.८ लाख ४१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५१ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.६१ लाख र पेस्की बाँकी रु.२ लाख ७५ हजार रहेको छ। गत वर्षसम्म रु.२० करोड ७७ लाख बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२१ करोड ६० लाख ५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५० | ४९ | १,३८,११,५१६ | १ | ११ | १४,३०,१७२ | ० | ४९ | ३८ | १,२३,८१,३४४ | ८,४१,२७० | ६१,००,११३ | ५१,६४,९६१ | ० | ० | १,१२,६५,०७४ | २,७५,००० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बझाङ | २,०७,७०००००० | ० | ४१,२१,५४३ | २०,३५,७८,४५७ | ४५५९९ | १,२३,८१,३४४ | २१,६०,०५,४०० |

**बेरुजु सम्परीक्षणको विवरण**

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ५५ | शिक्षातर्फ | १५,४०२ |
| २ | २०७८/७९ | ७० | सामाजिक सुरक्षा भत्ता थप कार्यक्रम | २५,२६४ |
| ३ | २०७८/७९ | विभिन्न | विभिन्न | ६,६४,५०० |
| ४ | २०७९/८० | ४१ | शितगृह निर्माण | १२,०५,००० |
| ५ | २०७९/८० | ८ | म्याद नाघेको पेश्की | ४,६०,८०० |
| ६ | २०७९/८० | २५ | दोहोरो खर्च | ४०,००० |
| ७ | २०७९/८० | ३६ | कृषि सामान वितरण | १७,१०,५७७ |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | १२ | म्याद रहेको पेश्की | ० |
| ९ | २०८०/८१ | ७.३ | अनुदान प्राप्ती र उपयोग | ११,६८,३७२ |
| १० | २०८०/८१ | १७ | अनुदानको अनुगमन | ० |
| ११ | २०८०/८१ | १३ | पेश्कीबाँकी | ४७,९०० |
| १२ | २०८०/८१ | २२ | क्षयरोग खोजपडताल | २९,४०० |
| १३ | २०८०/८१ | ३४ | स्थानीय भत्ताः | १,८४,५०० |
| जम्मा | | | | ५५,५१,७१५ |

# (८०७७०४०१३०० - जयपृथ्वी नगरपालिका, बझाङ )

# जयपृथिवी नगरपालिका , बझाङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले जय पृथ्वीनगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो नगरपालिका कुल १६६.७९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको तथा २२,१९१ जनसंख्या रहेको र हाल ११ वटा वडाहरुमा बिभाजन गरिएको र सभा सदस्य संख्या ५६ रहेको छ ।
।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।७ देखि २०८१।५।१२ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय व्यय रु.१ अर्ब ४६ करोड ९२ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२३२३९५।००असुल भइ दाखिला प्रमाण पेश भएको छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम जयपृथ्वी नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०८०।८१ मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था संलग्न अनुसुची बमोजिम रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय प्रतिवेदन**

३.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले स्वीकृत भएको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या र सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन गरी प्राप्ती र भुक्तानीको एकिकृत बार्षिक प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गरेको (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

३.२ **जिन्सी तथा सम्पत्ति** – पालिकाको जिन्सी तथा सम्पत्तिको सफ्टवेयर प्रणालीमा अभिलेख भएको सम्पत्ति वित्तीय विवरणको टिप्पणी ११ मा समावेश भएको देखिएन ।

३.३ **खर्च बिश्लेषण-** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ९४,७८,७९९।८४ राजस्व बाँडफाँड र अनुदानबाट रु. ५३,९७,९४,१४९।४० समेत रु. ५४,९२,७२,९४९।२० आम्दानी भएकोमा चालु तर्फ रु. ४२,६५,९९,११८।३७ र पूँजीगत तर्फ रु. ७,६३,२५,६७९।७३ समेत रु. ५०,२९,९४,७९८।१०खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८८. प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. १,४५,०२,२४५।२२ खर्च भएको छ जुन आन्तरिक आयको १५३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.६६ प्रतिशत चालु र १३.९० प्रतिशतमात्र पूँजिगतमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिएकोले आन्तरिक आयको स्रोत खोजी गरी प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकमवाट अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

वजेट व्यवस्थापन तर्फ

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्नेमा आवधिक योजना तयार गरेको भएपनि बार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा सो लाइ अनुसरण गरेको पाइएन
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको कार्यको सुशासन ऐन वमोजिम वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको पाइएन।
- दिगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

खरिद व्यवस्थापन तर्फ

- सार्वजनिक खरिद ऐन, २०६३ वमोजिम सार्वजनिक खरिद नियमावली तयार गरेको देखिएन ।
- उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरी आबश्यक कारवाही गरेको देखिएन ।
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन ।
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक परीक्षणलाई अनिवार्य गरेको देखिएन ।

शिक्षा तर्फ

- प्रदेश तथा स्थानीय तहमा ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलाप तथा उपक्रियाकलापसहितको त्रैमासिक तथा वार्षिक भौतिक तथा वित्तीय प्रगति विवरण शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विकास भएको अनलाइनमा आधारित सफ्टवेयरमा प्रविष्टि गर्ने व्यबस्था भएकोमा सफ्टवेयरमा प्रविष्टि गरेको देखिएन ।

- सामुदायिक विद्यालयका शिक्षकसँग स्थानीय तहले कार्यसम्पादन करार गरी कार्यसम्पादन स्तरलाई वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था गर्न भएकोमा कार्यसम्पादन करार गरेको देखिएन ।
- विद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।

विविध तर्फ

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको कोष, पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी वनाउनुपर्दछ ।

५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारी संस्थाहरुले प्रत्येक बर्ष मासिक, चौमासिक, वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन, खुद वचत सम्वन्धी निति र योजना लगायत अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनुपर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) र सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र दर्ता भएका ६ वटा कृषि सहकारी र डिभिजन सहकारीमा दर्ता भै पालिकामा हस्तान्तरण भएका कृषि, वहुउद्देश्यीयवचत तथा ऋण सहकारी समेत हस्तान्तरण भएका २२ वटा समेत २८ सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार गरेको पाइएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम**

६.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र प्रमुख प्रशासकिय अधिकृतले आगामी आर्थिक वर्षको बजेट सीमा वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा समितिले २०८०।२।२१ मा वजेटको सिमा निर्धारण गरी विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराएको छ । ऐनमा व्यवस्था भएअनुसार वमोजिम तोकीएको समयमा बजेट सीमा निर्धारण गरी यथार्थ वजेट निर्माणमा पालिकाको सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.२ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु. ५९ करोड ९१ लाख ३३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१५ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । पारित भएको वजेट त्रैमासिक कार्यक्रम बमोजिम कार्यान्वयन गर्नुपर्दछ ।

६.३ **योजना तथा वजेट कार्यान्वयन** – पालिकाको योजना तथा बजेट सम्वन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

**कार्य प्रगति**- पालिकाले त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, तथा केन्द्रिय स्तरका योजनाको नियम स्विकृत ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन ।

**त्रैमासिक खर्च अवस्था**- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुजिगत खर्च रु.७ करोड ६३ लाख २५ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.२५ लाख ८९ हजार , दोश्रो त्रैमासिकमा ९७ लाख ८१हजार, तेस्रो त्रैमासिकमा रु.१ करोड ५१ लाख १७हजार, चौथो त्रैमासिकमा रु. ४ करोड ८८ लाख ३६ हजार र आषाढमा मात्रै रु. ४ करोड १ लाख ९६ हजार खर्च भएको देखिन्छ। चौथो त्रेमासिकखर्च ६३.९८ प्रतिशत र आषाढ महिनाको खर्च ५२.६६ प्रतिशत रहेकोले वर्षान्तमा खर्च दर उच्च रहेको छ ।त्रैमासिक विनियोजन वमोजिम वजेट खर्च गरिनुपर्दछ ।

**रकमान्तर**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्विकृत वार्षिक वजेटको अधिनमा रहि कुनै

शिर्षकवाट पुजिगत शिर्षकमा पच्चिस प्रतिशत नवढाई रकमान्तर गर्न सक्ने उल्लेख छ ।त्यस्तै अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा २९ मा वजेटमा पुजिगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने उल्लेख छ । पालिकाले यसबर्ष समानिकरण अनुदानका कार्यक्रममा कार्यक्रम संसोधन गरी रु. ३५,७१,१९७।०० रकमान्तर गरेको छ । वजेट तथा कार्यक्रम स्विकृत भैसकेपछि सो कार्यन्वयन हुन नसक्ने आधार वेगर आर्थिक वर्षको विचमा योजना संसोधन गरी रकमान्तर गर्नु उचित देखिएन ।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिंदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वियनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६.४ **योजनाको प्राथमिकिकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार कुल १८० योजनामा वजेट विनियोजन गरिएको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ६० | १० | ४ | ४६ |
| २ | वडास्तरीय | १२० | ० | २७ | ९३ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७२ योजनामात्र कार्यान्वियन भई ८ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

६.५ **बार्षिक खरिद योजना** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सो आर्थिक वर्षमा गर्ने खर्चको वार्षिक खरिद योजना तयार गर्नुपर्ने र बार्षिक खरिद योजनामा खरिदको सम्भावित प्याकेज, खरिद कारवाहीको समय तालिका, खरिद बिधि समेत खुलाउनुपर्ने ब्यबस्था छ ।पालिकाले यस वर्ष देहाय खर्च शिर्षकमा वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने गरी रु १,५८,३३,४२१।३९ वजेट विनियोजन गरी रु. १,५४,४६,८९६।६५ खर्च गरेकोमा वार्षिक खरिद योजना बनाएको पाइएन । अत: खरिद सम्वन्धी नियमको उल्लेखित ब्यबस्था अनुसार खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्दछ ।

| खर्च कोड | खर्च शिर्षक | वजेट | खर्च |
|---|---|---|---|
| २२२१३ | सवारी साधन मर्मत खर्च | २८,७१,२४२.४३ | २८,५८,२१७. |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ९५,४२,१७८.९६ | ९४,६१,५४९.६५ |
| ३११२२ | मेशिनरी तथा औजार | २०,५०,०००.०० | १८,८१,४९७.० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | १३,७०,०००.०० | १२,४५,६३३.० |
| जम्मा | | १,५८,३३,४२१।३९ | १,५४,४६,८९६।६५ |

६.६ **दायित्व सृजना र भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै आर्थिककार्यविधितथावित्तीयउत्तरदायित्वनियमावली, २०७७ को नियम ३९ को उपनियम १३ वमोजिम चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानीदिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नु पर्ने र नियम ३९ को उपनियम (१५) वमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको प्रमाणित विवरणमा समावेश भएको खर्च भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरी भुक्तानी दिन सक्ने ब्यबस्था छ। पालिकाले नियमित तथा चालु प्रकृतिका र पुजिगत खर्च समेतको गत वर्षको भुक्तानी दिन बाँकी दायित्व रु. १,६६,०१,९५९।८० बजेटमा समावेश गरी यस बर्ष भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र भुक्तानी दिने गरी बजेट निर्माण गरेको देखिएन । त्यस्तै यस बर्ष बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण वेगर नै आगामी वर्षमा भुक्तानी दिने गरी रु. ६४,५७,१३३।२३ भुक्तानीदिन बाँकीको दायित्व सृजना गर्नु उचित होइन ।

## ७ अनुदान प्राप्ती र उपयोग

७.१ **समानीकरण अनुदानबाट प्रशासनिक खर्च** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र उक्त ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा स्थानीय तहले प्रशासनिक खर्च [पारिश्रमिक / सुविधा, मालसामान तथा सेवाको उपयोग ( कार्यक्रम सम्बन्धी खर्चहरू बाहेक), अनुगमन तथा मूल्याङ्कन खर्च भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा / घर / सवारी साधन / मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता भैपरी आउने चालु खर्च] जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरणको अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने र आर्थिक वर्षको अन्त्यमा फ्रिज भएको वित्तीय समानीकरण अनुदानको रकम अर्को आर्थिक वर्षमा आन्तरिक आयको रुपमा गणना गरी चालु प्रकृतिका शीर्षकमा खर्च गर्न नपाईने उल्लेख छ । उक्त ऐन र आयोगको मार्गदर्शन विपरित पालिकाले देहाय प्रशासनिक एवं सञ्चालन प्रकृतिका कार्यमा रु.२,५७,४४,११२ खर्च गरी भुक्तानी दिएको देखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

| खर्च संकेत नं. | खर्च शीर्षक | अन्तिम बजेट | वजेट खर्च |
|---|---|---|---|
| नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | १,४२,१०,८८५.०० | १,३६,५६,७५०.० |
| २११२१ | पोशाक | १,३५,०००.०० | १,३५,०००.० |
| २२११२ | संचार महसुल | २,२०,०००.०० | २,२०,०००.० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ३,५०,०००.०० | ३,५०,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २४,२०,०००.०० | २४,१०,३१८.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ८,७५,०००.०० | ८,७५,०००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४,४०,०००.०० | ४,४०,०००.०० |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | ४,३०,०००.०० | ४,३०,०००.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५०,०००.०० | ५०,०००.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ९,५०,०००.०० | ९,४८,४०४.०० |
| २२६१२ | भ्रमण खर्च | २,५०,०००.०० | २,५०,०००.०० |
| २२७११ | विविध खर्च | १०,८०,०००.०० | १०,७३,२००.०० |
| २८१४२ | घरभाडा | २३,२०,०००.०० | २०,३८,०१३.० |
| सुदुर पश्चिम प्रदेश - समानिकरण अनुदान : सुदुर पश्चिम प्रदेश - नगद अनुदान | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | १९,७३,७००.०० | १५,५६,९७७.०० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | २,०८,०००.०० | २,०७,७२६.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | १,४०,०००.०० | १,१३,६००.०० |
| २२११२ | संचार महसुल | २०,०००.०० | २०,०००.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ५०,०००.०० | ५०,०००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३,००,०००.०० | ३,००,०००.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ३,५०,०००.०० | २,९६,२९४.० |
| २२७११ | विविध खर्च | ३,७०,०००.०० | ३,२२,८३०.० |
| जम्मा | | | २५७४४११२. |

७.२ **सवारी साधन कर वाडँफाँट** - राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा सवारी साधन वाडँफाडँको रकम उपयोग गर्दा सो रकमबाट स्थानिय सडकको मर्मतसम्भार तथा सडक ट्राफिक ब्यबस्थापन, वसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पूर्वाधारमा वजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकामा प्राप्त भएको यस बर्षको सवारी साधन कर वाडँफाँट रकम आयोगले जारी गरेको मार्गदर्शन वमोजिम वजेट बिनियोजन नगरी देहायका शिर्षकमा विनियोजन गरी रु.२०,३४,२२० खर्च गरेको देखिएकोले उक्त खर्च रकम नियमित हुनुपर्दछ।

| प्रदेश सवारी करबाट प्राप्त रकम | खर्च संकेत | खर्च शिर्षक | वजेट रकम | खर्च रकम |
|---|---|---|---|---|
| | २२१११ | पानी तथा बिजुली | ३,००,०००.०० | ३,००,०००.०० |
| | २२११२ | संचार महसुल | ४,००,०००.०० | २,६०,०८५.०० |
| | २२२१३ | सवारी साधन मर्मत खर्च | ३,६८,५००.०० | ३,६८,४१२.०० |
| | २२२१४ | बिमा तथा नवीकरण खर्च | १,००,०००.०० | १,००,०००.०० |
| | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४,९७,५००.०० | ४,३०,६१७.०० |
| २१,४२,८७६.१६ | २२७११ | विविध खर्च | ६,००,०००.०० | ५,७५,१०६.०० |
| जम्मा | | | | २०,३४,२२०. |

| | |
|---|---|
| अनियमित भएको | २०,३४,२२० |

७.३ **समपुरक अनुदान -**

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **१,१६८,३७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८ **संगठन तथा कर्मचारी व्यवस्थापन**

८.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्ने व्यवस्था छ। पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी पालिका गठन हुँदा संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालयवाट प्राप्त दरबन्दी बमोजिम कार्य सञ्चालन हुदै आएको छ । सो वमोजिम पालिकाको कुल नगरकार्यपालिका र वडा तर्फ ५१ कृषि र पशुसेवा तर्फ ९ र स्वास्थ्य सेवा तर्फ २५ गरी ८५ कर्मचारी दरबन्दी रहेकोमा २०८१।०३।३१ सम्म नगरकार्यपालिका र वडा तर्फ ३५ कृषि र पशुसेवा तर्फ २ र स्वास्थ्य सेवा तर्फ ३१ (दरवन्दी भन्दा वढी ६ जना) जना ६२ गरी दरबन्दी स्थायी पदपूर्ति भई २७ पद रिक्त रहेको छ । पालिकामा शिक्षा अधिकृत नवौ/दशौ सि.डी.इ, नवौ/दशौ समेत २७ दरबन्दी समयमा पूर्ति नहुँदा कार्य सम्पादनमा असर परेको छ। रिक्त पदहरू पूर्ति गर्न प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम पठाइ आयोगको सिफारिशको आधारमा पदपुर्ति गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

८.२ **करार कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको श्रोत सुनिश्चितता गरी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले विभिन्न कर्मचारी करारमा राखी पारिश्रमिक रू.१ करोड ८६ लाख ८३ हजार खर्च लेखेका छन् । त्यसै गरी सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचेलगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था छ । यो वर्ष पालिकाले स्विकृत स्थायी दरवन्दीमा पदपुर्तिको लागी प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम नपठाई करारको म्याद थप गर्दै कार्य लगाई यस वर्ष रू. ५४ लाख ५४ हजार ५९५ पारिश्रमिक भुक्तानी गरेकोले यस्तो कार्य नियन्त्रण गरिनुपर्दछ ।

| पद | करारमा कार्यरत कर्मचारी संख्या | मासिक तलव | वार्षिक तलव भत्ता रु. |
|---|---|---|---|
| इन्जिनियर | १ | ४३६८९ | ५६७९५७। |
| सहायक पाचौ | १ | ४१८७८ | ५४०७३९ |
| सहायक चौथो | ३ | ११६३११ | १५०१०१८ |
| अमिन | १ | ३२९०२ | ४२७७२६।०० |
| कम्प्युटर अपरेटर | १ | ४१८७८ | ५४४४१४ |
| सहायक कम्प्युटर अपरेटर | १ | ३९८६७ | ५१८२७१ |
| सव इन्जिनियर | ३ | १०४१९० | १३५४४७० |
| जम्मा | | | ५४,५४,५९५।०० |

## ९ कानून निर्माण एवं कार्यान्वयन

९.१ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ७ वटा नियमावली, ४५ कार्यविधि निति ६ र मापदण्ड ७ लगायत ८२ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा वित्तिय व्यबस्थापनमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई पालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

९.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष २४ वटा नयाँ दर्ता भएकोमा २४ वटै फर्स्यौट भई बाँकी नरहेको देखिन्छ ।

## १० सम्पत्ति उपयोग र संरक्षण

१०.१ **सम्पत्तिको उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनमिना नहुने गरी लगत श्रेस्ता सहित त्यस्को संरक्षण गर्ने कर्तब्य त्यस्तो जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने ब्यबस्था छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS वमोजिम पालिकाको यस आर्थिक वर्षमा घर जग्गा लगायत देहाय प्रमुख सम्पत्ति देखिएकोमा सार्वजनिक सम्पत्तिको उपयोग तथा संरक्षणमा अवस्था देखिएको व्यहोरा निम्न छ ।

| सम्पत्ति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | ९०८९ वर्गमिटर | मुल्य नखुल्ने | |
| सवारी साधन दुइ पाङग्रे | ३० | ६८९३४१२ | २वटा कामनलाग्ने |
| सवारी साधन चार पाङग्रे | ३ | १४०५५०९१ | |
| दमकल | १ | ६०००००० | |
| टयाक्टर | १ | २८१८५८४ | |
| ट्रिपर | १ | ४३२७४३४।०० | |
| ब्याकहो लोडर (back hoe loader) | १ | ५४००००।०० | |

- **इन्धनको अभिलेख** – पालिकाले यस बर्ष इन्धन (पदाधिकारी) रु. ३,८९,२६७.०० र इन्धन (कार्यालय प्रयोजन)मा रु. २०,१८,०८७.०० गरी रु. २४,०७,३५४ खर्च लेखेको छ । सवारी इन्धन खर्च लेख्दा सम्वन्धित सवारी साधनमा खपत भएको इन्धनको खर्चको अभिलेख PAMS राखिएको नदेखिएकोले इन्धन खर्चको अभिलेख PAMS मा राखिनुपर्दछ ।
- **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने,र जिन्सीको लगत लिइसोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मिति २०८१।५।६ जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ। तयार गरेको प्रतिवेदनमा जिन्सी निरीक्षण फारम म.ले.प.फा.नं ४११ प्रयोग गरिएको छैन जस्ले गर्दा लगतसंग रहेका सामान के कस्तो अवस्थामा छन एकिन भएन । साथै जिन्सी निरिक्षण पश्चात प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने आइटमका सामान ३ महिना भित्र र ४ सवारी साधन लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गराई सोको कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्नेमा लिलामी प्रकृया नै शुरु गरेको पाइएन ।

१०.२ **सार्वजनिक जग्गाको उपयोग**-सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्वन्धि मापदण्ड, २०७७ को दफा ३ मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा सरकारी अस्पताल वा सरकारी प्रयोजनका लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भएपनि प्रयोग गर्न उपर्युक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपर्युक्त र आवश्यक देखिएमा नेपाल सरकारले प्रयोग गर्न स्विकृति दिन सक्ने व्यवस्था अन्तर्गत पालिकाले ती भवन निर्माण गर्दा स्विकृति लिएको देखिएन ।

१०.३ **सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण** - स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन । पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको

अभिलेख लिइ सो को आधारमा सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख राखी सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।

११ **आर्थिक सहायता र अन्य विविध खर्च**

११.१ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाकोआन्तरिक आय रु. ९४,७८,७९९।८४ रहेकोमा विविध खर्च शिर्षकमा रु.६५,७५,०००।०० बजेट व्यवस्था गरी रु. ५१,६०,४४७।०० सो मध्ये खाजा खाना खर्चमा रु. ९२७१२८।०० खर्च गरेको छ । उक्त खर्चको बिलमा खाजा, खाना, नास्ता लगायत होटलको बिल पेश हुने गरेकोमा खर्च भएको कार्यको खर्च पुष्टि हुने सवै प्रमाण कागजात संलग्न नरहेको र अतिथि सत्कार खाजा,खाना खर्च सम्वन्धमा अर्थ मन्त्रालयको मापदण्ड समेत लागु गरेको देखिएन । खर्चका प्रत्येक बिलमा खर्चको मापदण्ड समेत विचार गरी के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्ने र औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ । यस सम्बन्धी केही उदाहरण निम्न छन ।

| गो भौ नं मिति | आपुर्तिकर्ता | कार्य | खर्च रकम |
|---|---|---|---|
| १९२.।२०८०।८।२७ | द मेलोडी रेष्टुरेन्टल एण्ड होटल दि होटेल होलिडे इन | अतिथि सत्कार | १०१३०२।०० |
| ४७०।२०८१।२।४ | सत्कार रेष्टुरेन्ट एण्ड वार | कार्यपालिका वैठक तथा अतिथि सत्कार | २१३०४०।०० |
| २५९।२०८०।१०।८ | सत्कार रेष्टुरेन्ट एण्ड वार | विभिन्न वैठकमा खाजा खाना | १४७९८०।०० |
| ७२२।२०८१।३।२४ | सत्कार रेष्टुरेन्ट एण्ड वार | विभिन्न वैठकमा खाजा खाना | १८३८१०।०० |

११.२ **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन। पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी जनतासंग मेयर र उपमेयर कार्यक्रम सञ्चालन गरी विभिन्न संघसंस्था र राजनीतिक व्यक्तिहरुलाई रु.२२,००,०००. समुदायसँग वडाध्यक्ष कार्यक्रममा रु.२,५०,०००।०० र सामाजिक सुरक्षाकार्यक्रममा रु.३०,०६,७८३।०० समेत रु.५४,५६,७८३ आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.९४,७८,७९९ को ५७.५७ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१२ **आन्तरिक आय**

१२.१

**ढुङ्गा गिट्टी बालुवा उत्खनन् र विक्रि** - ढुङ्गा गिट्टी बालुवाउत्खनन् र विक्रि तथा ब्यबस्थापन कार्यविधि, २०७७ को वुदा ३ र ४ मा वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको स्थान,जिल्ला विपद ब्यबस्थापन समितिले तोकेको क्षेत्र,निजि जग्गावाट अनुमति प्रदान गरिएको क्षेत्र, क्रसर उद्योग सञ्चालन र निर्माण सामाग्रिको आपुर्तिको लागी तोकिएको क्षेत्रमा उत्खनन तथा संकलन कार्ययोजना तयार गरी स्वीकृत वातावरणीय अध्यायन प्रतिवेदन वमोजिम सभावाट स्वीकृत दरमा उत्खनन् संकलनको अनुमति र विक्रिको लागी ठेक्का मिलाउने ब्यबस्था छ। पालिकाले नगदी रसिदवाट रु. ९,२१,९६६ ।०० ढुङ्गा गिट्टी बालुवाको रकम असुल गरेकोमा कार्यविधि वमोजिम वातावरणीय अध्यायन प्रतिवेदन तयार गरी सभावाट स्वीकृत दरमा उत्खनन संकलनको अनुमति र विक्रिको लागी ठेक्का नगरी नगदी रसिदवाट असुल गरेकोले कार्यबिधि वमोजिम ढुङ्गा गिट्टी बालुवा उत्खनन् र विक्रि गरिनुपर्दछ।

१२.२ **सामुदायिक वनबाट आय-** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख(१) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र उपदफा (२) मा उपदफा (१) बमोजिम वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ। पालिकाले सामुदायिक वन उपभोक्ता समितिवाट वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम प्राप्त गरेको नदेखिएकोले सो रकम एकिन गरी असुल गर्नुपर्दछ ।

## १३ पेश्कीबाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा मालसामान खरिद गर्न, सेवा उपलब्ध गराउन वा निर्माण सम्वन्धि कामका लागी व्यक्ती फर्म वा कम्पनिलाइ पेश्की दिदा प्रचलित कानुन वमोजिम वैक ग्यारेन्टी लिइ पेश्की दिनुपर्ने र कार्यालयले सम्झौताको शर्त अनुसार दिइने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की वाहेक चालु आर्थिक बर्षको अन्तसम्ममा फस्यौट हुन नसक्ने गरी कुनै पेश्की दिन नहुने ब्यबस्था छ। त्यस्तै नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष निम्नानुसार म्याद नाधेको र ननाघेको पेश्की आर्थिक बर्षको अन्तसम्म फछ्यौंट हुन बाँकी रहेकोले नियमानुसार फछ्यौंट हुनुपर्ने देखिएको रु.

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | कार्य | पेश्की फस्र्यौट गर्नुपर्ने म्याद | पेश्की रकम म्याद नाघेको | पेश्की रकम म्याद ननाघेको | कैफियत |
|---|---|---|---|---|---|---|
| २०८०।१२।२५ | निरज केशर जे भि | खुड्यौन सिचाइ कुलो निर्माण | २०८१।६।४ | | १९००००० | |
| ०९/१९/२०८० | महेश्वरी थापा खडका वडा २ भुकम्प प्रभावित | भुकम्प प्रभावितलाई राहत कार्यक्रम | १०/२५/२०८० | २५००० | | |
| ०९/१९/२०८० | मानप्रसाद खत्री वडा २ भुकम्प प्रभावित | भुकम्प प्रभावितलाई राहत कार्यक्रम | १०/२५/२०८० | २५००० | | |
| ०९/२३/२०८० | नर्मा देवी जैशी वडा नं ११ भुकम्प प्रभावित | भुकम्प प्रभावितलाई राहत कार्यक्रम | १०/२९/२०८० | २५,०००.०० | | |
| ०९/२३/२०८० | भक्त बहादुर थापा वडा नं ११ भुकम्प प्रभावित | भुकम्प प्रभावितलाई राहत कार्यक्रम | १०/२९/२०८० | २५,०००.०० | | |
| ०९/२३/२०८० | सुशिल प्रसाद जोशी वडा नं ११ भुकम्प प्रभावित | भुकम्प प्रभावितलाई राहत कार्यक्रम | १०/२९/२०८० | २५,०००.०० | | |
| ०९/२४/२०८० | गगन बहादुर खडका वडा नं ३ भुकम्प प्रभावित | भुकम्प प्रभावितलाई राहत कार्यक्रम | ११/०१/२०८० | २५,०००.०० | | |
| ०९/२४/२०८० | तिर्था के सी वडा नं ३ भुकम्प प्रभावित | भुकम्प प्रभावितलाई राहत कार्यक्रम | ११/०१/२०८० | २५,०००.०० | | |
| ०९/२४/२०८० | अम्वी देवि खड्का वडा नं १० भुकम्प प्रभावित | भुकम्प प्रभावितलाई राहत कार्यक्रम | ११/०१/२०८० | २५,०००.०० | | |
| ०९/२४/२०८० | जीवन बहादुर सिंह वडा नं १० भुकम्प प्रभावित | भुकम्प प्रभावितलाई राहत कार्यक्रम | ११/०१/२०८० | २५,०००.०० | | |
| ०९/२४/२०८० | पदम बहादुर सुनार वडा नं १० भुकम्प प्रभावित | भुकम्प प्रभावितलाई राहत कार्यक्रम | ११/०१/२०८० | २५,०००.०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ०९/२४/२०८० | हर्ष बहादुर विष्ट वडा नं १० भुकम्प प्रभावित | भुकम्प प्रभावितलाई राहत कार्यक्रम | ११/०१/२०८० | २५,०००.०० | | |
| जम्मा | | | | २७५००० | १९०००००| |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **२२,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | २,७५,००० |

१४ **शिक्षक दरवन्दी र पदपूर्ति**

शिक्षा नियमावली, २०५९ को नियम ९२ मा मन्त्रालयबाट स्वीकृत दरबन्दीको आधारमा सामुदायिकविद्यालयमा रहने शिक्षक दरवन्दी अनुसूची - १२ मा उल्लेख भए बमोजिम हुने र विशेष शिक्षा दिने सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मन्त्रालयले तोके बमोजिम हुने उल्लेख छ । त्यस्तै शिक्षकसेवाआयोगनियमावली, २०५७ को नियम ८ मा प्रत्येक जिल्ला शिक्षा समन्वय कार्यालयले जिल्ला भित्रका सामुदायिक विद्यालयमा रहेका स्विकृत रिक्त दरवन्दीको विबरण प्रत्येक ६ महिनामा शिक्षा बिकास तथा मानव श्रोत केन्द्रमा पठाउनुपर्ने र शिक्षा बिकास तथा मानव श्रोत केन्द्रले पनि पदपुर्तिको लागी २ महिना भित्र आयोगमा लेखि पठाउनु पर्ने उल्लेख छ ।पालिकाले पेश गरेको विबरण अनुसार आधारभुत र माध्यामिक गरी १५३ स्विकृत शिक्षक दरवन्दि रहेकोमा १४७ जना पदपुर्ति भइ ६ दरवन्दि रिक्त रहेको छ।पदपुर्तिको लागी माग आकृति फारम पठाएको नदेखिएकोले शिक्षक-सेवा-आयोग-नियमावली वमोजिम रिक्त पद पदपुर्ति गरिनुपर्दछ ।

| सं. | विद्यालयको संख्या | स्विकृत दरवन्दी आधारभुत तह १ देखि ५ | स्विकृत दरवन्दी आधारभुत तह ५ देखि ८ | स्विकृत दरवन्दी माध्यामिकतह ९ देखि १० | स्विकृत दरवन्दी माध्यामिकतह ११देखि १२ | जम्मा स्विकृत दरवन्दी | स्थायी पदपूर्ति | शिक्षण अनुदान कोटा राहत | संघिय शसर्त अनुदान (गणित विज्ञान) | प्राविधिक धार | पालिका अनुदान | जम्मा करारपदपुर्ति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४६ | १०० | १८ | १५ | २० | १५३ | १४७ | ९६ | ६ | ८ | ३ | १२३ |

१५ **विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान**

शिक्षा नियमावली, २०५९ मा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार हिमाली जिल्लामा रहेको यस पालिकामा शिक्षक-विद्यार्थी अनुपात न्युनतम ४ देखि ३९ सम्म ३९ र अधिकतम ४० देखि ८१ सम्म ७ वटा विद्यालय देखिएका छन । कानूनी व्यवस्था बमोजिम पालिकाले शिक्षक/विद्यार्थी अनुपात ४० हुने गरी विद्यालय समायोजनतथा दरवन्दी मिलान गरेको नदेखिएकोले निर्धारित मापदण्ड वमोजिम विद्यालय समायोजन तथा दरबन्दी मिलान गरिनुपर्दछ ।

| सि नं | विद्यालयको नाम | कुल शिक्षक | विद्यर्थि संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | नारायण मावि | १४ | २६४ | १९ |
| २ | जनजागृती आवि | ४ | ६५ | १६ |
| ३ | मालिका आवि | १ | ८ | ८ |
| ४ | बेताल आवि | ३ | १३८ | ४६ |
| ५ | कैलाशपति आवि | २ | ४४ | २२ |
| ६ | बालविकास आवि | ८ | १९० | २४ |
| ७ | पाण्डु मावि | २० | ४४३ | २२ |
| ८ | भैरब सिमलतोला | ३ | ४५ | १५ |
| ९ | सरस्वती आवि | २ | ३६ | १८ |
| १० | मुडतिनदेव | २ | १७ | ८ |
| ११ | भवानी आवि गडखेत | २ | २२ | ११ |
| १२ | कालिका आवि गडखेत | १ | ८ | ८ |
| १३ | बालविकास मावि | १७ | २७८ | १६ |
| १४ | लुयाँटा आवि | ७ | १३६ | १९ |
| १५ | भैरब आवि माजेसैन | १ | ४ | ४ |
| १६ | नमाउदेव सुतिया | २ | १२ | ६ |
| १७ | आदर्श आवि | १ | ५ | ५ |
| १८ | दुर्गाभवानी आवि | १ | ४ | ४ |
| १९ | ऋषकुण्ड आवि | ३ | ५४ | १८ |
| २० | भवानी मावि नौरा | १२ | २१८ | १९ |
| २१ | सुनिपिपलचौर मावि | २२ | ९१६ | ४२ |
| २२ | जनपृय आवि | २ | ५० | २५ |
| २३ | कुलमष्टजन आवि | २ | ४८ | २४ |
| २४ | बालोदय आवि | ४ | ५६ | १४ |
| २५ | युवावर्ष आवि | ४ | ४६ | ११ |
| २६ | जालपा आवि जोशीगाँउ | ५ | ८१ | १६ |
| २७ | नमाउदेव ग्वानी | २ | २३ | ११ |
| २८ | शिशु आवि | ७ | १६० | २३ |
| २९ | लटिनाथ आवि | २ | ३३ | १६ |
| ३० | बालमन्दिर आवि | १४ | ६१० | ४४ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | नमुना आवि | ४ | ९३ | २३ |
| ३२ | सत्यवादी मावि | ४० | १७३० | ४३ |
| ३३ | नाननदेव आवि | २ | ३३ | १६ |
| ३४ | धौल्देउ आवि मयाना | १ | ८१ | ८१ |
| ३५ | निलकट्टी मावि | १० | ४२२ | ४२ |
| ३६ | भुमिदेव आवि | १ | ६७ | ६७ |
| ३७ | रधुनाथ आवि | २ | ३६ | १८ |
| ३८ | सुर्मा आवि | ८ | १५० | १९ |
| ३९ | गन्धर्व आवि | १ | २५ | २५ |
| ४० | जालपा मावि | २२ | ६०४ | २७ |
| ४१ | सुर्मादिवी आवि | २ | ३४ | १७ |
| ४२ | नविन आवि | १ | १८ | १८ |
| ४३ | देवस्थली आवि | ७ | १४४ | २० |
| ४४ | धौल्देउ आवि | ४ | ९६ | २४ |
| ४५ | जनज्वती आवि | १ | २५ | २५ |
| ४६ | भवानी आवि | १ | २१ | २१ |
| जम्मा | | २७७ | ७७८४ | २२ |

१६ **निशुल्क सेनेटरी प्याड**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को२.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६देखि १२ सम्म अध्ययनरत सबै छात्राहरूलाइ १० महिनाको लागि निःशुल्क सेनिटरी प्याड खरिद गर्दा गत विगतको मौज्दातको अवस्था यकिन गरी आवश्यक मात्र नियमानुसार खरिद गरी वितरण गर्ने र सेनिटरी प्याड खरिद गरी रकम बचत भएमा विद्यालयमा Disposal Machine नभएमा एक पटकका लागि मात्र खरिद गरी वितरण गर्न सक्ने उल्लेख छ ।पालिकाले ६ देखि १२ का छात्रको लागी सेनेटरी प्याड प्रयोजनको लागी भेन्डिङ मेशिन गो.भौ.नं २०९।२०८१।३।२० वाट १५ थान रु. ७,०४,२७२ मा खरिद गरी १५ विद्यालयलाई बितरण गरेको त्यस्तैगो.भौ.नं १७८। २०८१।३।१५ मा न्यु ओसियन टेडर्सवाट ८१७४ प्याड रु. ७,०४,२७२ मा खरिद गरी विद्यालयलाइ वितरण गरेकोमा विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अनुगमन गरेको देखिएन । विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

१७ **अनुदानको अनुगमन**

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

१८ **सामुदायिक सिकाइ केन्द्रमा अनुदान**

कार्यक्रम सञ्चालन निर्देशिका, २०८०।८१ को सि.नं ६.७ मा स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको स्थलगत निरीक्षण गरी तपसिलका मापदण्ड पूरा गरेका वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम

पास गरेको, गत आवको खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको,सामुदायिक सिकाइ केन्द्रहरूलाई एकमुष्ठ रु २ लाख ५० हजार रकम अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले तोकिएको मापदण्ड वमोजिम केन्द्रलेगरेका नियमित कार्यहरूको प्रतिवेदन र साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, लेखापरीक्षण गरी प्रतिवेदनपेश गरेको प्रमाण वेगर देहाय वमोजिम अनुदान दिएकोले उल्लेखित प्रमाण लिएर मात्र अनुदान दिनुपर्दछ ।

| गो.भौ.नं | सामुदायिक केन्द्रको नाम | अनुदान रकम |
|---|---|---|
| ४।२०८०।६। ११ | साइपाल सामुदायिक सिकाइ केन्द्र, भवानि सामुदायिक सिकाइ केन्द्र, लुयटा सामुदायिक सिकाइ केन्द्र, जय पृथवी सामुदायिक सिकाइ केन्द्र र लालिगुरास समुदायिक सिकाइ केन्द्र | २,००,००० |
| ३६।२०८०। ९।२० | साइपाल सामुदायिक सिकाइ केन्द्र, भवानि सामुदायिक सिकाइ केन्द्र, लुयटा सामुदायिक सिकाइ केन्द्र, जय पृथवी सामुदायिक सिकाइ केन्द्र र लालिगुरास समुदायिक सिकाइ केन्द्र | १,५०,००० |
| ८३।२०८०। १२।२५ | साइपाल सामुदायिक सिकाइ केन्द्र, भवानि सामुदायिक सिकाइ केन्द्र, लुयटा सामुदायिक सिकाइ केन्द्र, जय पृथवी सामुदायिक सिकाइ केन्द्र र लालिगुरास समुदायिक सिकाइ केन्द्र | १,५०,००० |
| जम्मा | | ५,००,००० |

१९ **प्रधानमन्त्रि रोजगार कार्यक्रम**

राज्यको सक्रिय श्रमशक्तिलाई निर्वाह भत्ता दिनु भन्दा रोजगारीमा संलग्न गराई ज्याला भुक्तानी गर्ने विधि अन्तर्राष्ट्रिय प्रचलनमा रहेको सन्दर्भमा रोजगारीको हकसम्बन्धी ऐन, २०७५ बमोजिम एक सय दिनको रोजगारी नपाएका वा एक सय दिन बराबरको आम्दानी गर्न नसकेका १८-५९ वर्ष उमेर समूहका नागरिकलाई एक सय दिनको रोजगारी प्रदान गर्ने उद्देश्यका साथ विश्ववैकको सहुलियतपुर्ण ऋण सहयोगमामा प्रधानमन्त्री रोजगार कार्यक्रम पालिका मार्फत कार्यन्वयनमा रहेको छ। पालिकाले कुलो मर्मत र सरसफाइ जस्ता कार्यक्रम सञ्चालनमा खर्च गरी रोजगार लगाएकोमा दिर्घकालिन तथा पुजी निर्माण हुने योजनामाकार्यक्रम सञ्चालन हुनुपर्दछ ।

| कार्यक्रम | सुचिकृत रोजगार संख्या | रोजगार संख्या | न्युनतम रोजगारी अवधि | आयोजनाको कार्यक्षेत्र | आयोजनाको संख्या | कुल ज्याला भुक्तानी |
|---|---|---|---|---|---|---|
| रोजगारी प्रदान | १०३८ | ७८ | १०० | सिचाइ कुलो मर्मत र सरसफाइ, गोरेटो वाटो मर्मत ,खानेपानि मर्मत लगायत | १८ | ५६,१६,००० |

२० **पुस्तकालय स्थापना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरण मुखी खर्चलाइ नियन्त्रण गर्दै संध र प्रदेश सरकारवाट प्राप्त रकमलाइ स्थानीय पूर्वाधार विकास तथा दिर्धकालिन पुजी निर्माण कार्यमा खर्चगर्नुपर्दछ जसवाट राजनैतिक उदेश्यले स्थापित सस्थाको कार्यक्रममा खर्च गर्न मिल्ने देखिदैन। पालिकाले प्रदेश अनुदानवाट शहरी स्मृति पुस्तकालय ब्यवस्थापनका लागी नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रलाइ गो.भौ. नं ३७।२०८१।३।१२ वाट पुस्तक खरिद र फर्निचर खरिदको विल वमोजिम रु.८,००,००० भुक्तानी दिएको खर्च नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ८,००,००० |

२१ **क्षयरोग मुक्त सुक्ष्मयोजना**

संघिय सशर्त कार्यक्रममा तोकिएकोक्षयरोग मुक्त अभियान गर्न सूक्ष्मयोजना निर्माणको लागी प्रतिवडा ४३,०००।०० दरले वजेट वाँडफाँड गरी खर्च गरिने उल्लेख छ । क्षयरोग मुक्त अभियानको लागी सूक्ष्मयोजना निर्माणको लागी गो.भौ.नं. २०८१।३।३०।२५० वाट जनस्वस्थ्य निरीक्षक निशा जोशिले पेश्की लिइ फस्यौट गरेको रकम रु. ६,७५,५५५ मा देहाय बमोजमि देखिन्छ ।

क) सुक्ष्म योजना निर्माणको लागी ११ वडामा २ दिने गोष्टी गरी प्रतिवडा ४३,०००।००दरले ११ वडाको रु. ४,७३,००० खर्च गर्न सकिनेमा गो.भौ.नं २५०।२०८१।३।३० वाट रु. ६,७५,३३३।०० खर्च गरेको देखिएकोले नर्मस भन्दा वढी खर्च हुनुको आधार स्पष्ट नभएकोले एकिन गरी वढी खर्च गरेको रकम जिम्मेवार ब्यक्तीवाट असुल गरिनुपर्दछ ।

ख) प्रत्येक वडामा २ दिने कार्यक्रम सञ्चालन गरी क्षयरोग मुक्त अभियानको सूक्ष्मयोजना निर्माण गर्नुपर्नेमा १ दिनमा कार्यक्रम गरीसमापन गरेको जनगुनासो एवं आन्तरीक लेखापरीक्षणमा समेत औल्याइएकोमा छानविन गरी थप दायित्व परेको सम्वन्धमा एकिन हुनुपर्दछ ।

२२ **क्षयरोग खोजपडताल**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **२९,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२३ **खरिद व्यवस्थापन**

२३.१ पूँजीगत खर्चको अवस्था -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुजिगत शिर्षकबाट देहाय बमोजिम ४५.०६ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट ६.०६ प्रतिशत सोझै १३.२१ प्रतिशत मात्र र उपभोक्ता समितिबाट ३३.१८ प्रतिशत मात्र को खरिद गरेको छ । सोझै र उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

| उपशिर्षकको नाम | खरिद विधि | खर्च रकम |
|---|---|---|
| पालिका पूँजीगत | खुला वोलपत्र | ४४८३९९८२।४० |
| | सिलवन्दी दरभाउपत्र | ६०२६८२१।०६ |
| | सोझै | १३१३८६५६।६९ |
| | उपभोक्ता समिति वा लाभग्राही समुदाय | ३३००००००।०० |
| | कन्टिन्जेन्सी | २४४६४७१ |
| | | ९९४५१९३०।०० |

२३.२ सम्भाव्यता अध्ययन र डि.पि.आर: सार्वजनिक खरिद नियम, २०६४ को नियम १२ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्ने उल्लेख छ । कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष २ वटा सम्भाव्यता अध्ययनमा रु. १८,५२,०७० खर्च गरेको छ । यस्ता अध्ययन तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एवं कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यालयले ध्यान पुर्‍याएको छैन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न कार्यान्वयनमा आएको नदेखिएकोले उक्त अध्ययन प्रतिवेदनमा कार्यान्वयनमा आउनुपर्दछ ।

| क्रस | परामर्श दाताको नाम | परामर्शदाता र कार्य | लागत अनुमान | खरिद बिधि | खर्च |
|---|---|---|---|---|---|
| | | | | सोझै वा आशयपत्र वाट सम्झौता रकम | यसबर्ष खर्च रकम |
| १ | Map Nepal Engineering Consultancy Pvt. Ltd | पानी प्रशोधन परियोजना अध्ययन अनुसन्धान | १०,४७,३४५(मुअकर बाहेक) | ११,६०,५१० | ११,६०,५१० |
| २ | Paschim Seti Engineering Services Pvt. Ltd | ढुङ्गा गिट्टी वालुवाको IEE | ६,९६,६१७ | ६,९१,५६० | ६,९१,५६० |
| ३ | शाह ईन्जिनियरिङ कन्सलट्यान्ट प्रा.लि | भुभर्गीकरण तथा नक्साङ्कन कार्यक्रम | | १८९७८३५ | ९४८९१८ |
| | जम्मा | | | ३४४९९०५ | २८००९८८ |

२३.३ **वोलपत्र खरिद:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका विभिन्न सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा देहाय बमोजिम ९.०१ देखि ५२.२४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकाशं योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

| ठेक्का नं | काम | निर्माण व्यवसायीको नाम | संझौता मिति | लागत अनुमान | कबोल रकम | घटि प्रतिशत |
|---|---|---|---|---|---|---|
| JPM-1-2080/081 | खाराबगर बारिल सडक | डाडाबाघ निर्माण सेवा | २०८०।०८।२० | ७०४५२८५।६६ | ४७८६१२५।०० | ३२.०७ |
| JPM-06-2080/081 | डिलबुङ्गा धौउलाबगर रोड स्तरोन्नती कार्य | मष्टा जसु निमार्ण सेवा | २०८०।१०।१० | २९९४४४६।२० | १७१५२९४।४५ | ४२.७२ |
| JPM-08-2080/081 | खुड्डीउन सिचाई नहर निर्माण कार्य | निरज-केशर जे.भी. निर्माण सेवा | २०८०।११।१७ | २१७११८७१।५३ | १९०९०६३४।८६ | १२.०७ |
| JPM-09-2080/081 | थपाली खेइरा दम्दुर तटबन्धन कार्य | रुद्र कन्स्ट्रक्सन एण्ड सप्लाग्रर्स | २०८०।११।०३ | ७२७३९२०।२३ | ३९६७८६०।०० | ४५.४५ |
| JPM-14-2080/081 | पानकोट पुल पारी सडक मर्मत | एस.वि.आर कस्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २०८१।०२।२१ | ३२५०६९४।२० | २१९७२७९।९० | ३२.४१ |
| JPM-10-2080/081 | पानकोट-नगरकोट-राजकोट मोर्तोली सडक मरमत | सुचित्रा .कन्स्ट्रक्सन | २०८०।१०।१० | ७१७०९६।३३ | ३४२५००।०० | ५२.२४ |
| JPM-12-2080/081 | तेलपारी झो.पु. स्टीलपार्ट खरीद | | २०८१।०२।१६ | १२७५४३६।३२ | ११६०४००।८२ | ९.०१ |
| JPM-16-2080/081 | ६ नं. वडा कार्यालय देखि भकभके खोला सम्म सडक मर्मत | दुदिर मष्टा निर्माण सेवा | २०८१।०२।१३ | १७०९३६२।२६ | ८७६९९७।६ | ४८.६९ |

२३.४ **कन्टिन्जेन्सी खर्च** - निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ कार्यलय सञ्चालन तर्फ रु.१२,२३,५००।०० र अनुगमनमा रु.१२,२२,९७१।०० गरी यस वर्ष रु.२४ लाख ४६ हजार ४७१ कन्टिन्जेन्सी खर्च गरेको छ।

| | | | कन्टिन्जेन्सी खर्च | कन्टिन्जेन्सी खर्च शिर्षक | |
|---|---|---|---|---|---|
| क्रस | कार्यक्रमको नाम | लागत अनुमान | चालु वर्षको | अनुगमन | कार्यालय सञ्चालन |
| 1 | कन्टिजेन्सि | | १५००००० | ५००००० | १०००००० |
| 2 | डिलमाडु धौलाबगर सडक स्तोरोन्नती | ३५००००० | १६१३०९ | १६१३०९ | |
| 3 | खाराबगर बारिल पर्यटकिय सडक निर्माण | ४०००००० | ९१५३० | ९१५३० | |
| | | ८५००००० | २७५८७२ | २७५८७२ | |
| 4 | थपाली खेईरा ज्युला हुदै दम्दुरसम्म तटबन्धन कार्य | | | | |
| 5 | खुड्यौन सिचाई कुलो निर्माण | २१५००००० | ४१७७६० | १९४२६० | २२३५०० |
| | जम्मा | | २४४६४७१ | १२२२९७१ | १२२३५०० |

• कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन । योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

• महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरणअनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार स्टेशनरी छपाइ सूचना प्रकाशन इन्धन दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट रु. २४,४६,४७१ खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन ।

• कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मुल्यको लागत अनुमान तयार गर्दा यस्तो

प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ ।

• पालिकाले कन्टिन्जेन्सी खर्च सम्वन्धमा कार्यविधि तयार गर्नुपर्नेमा कार्यविधि तयार देखिएन ।

२४ **पूर्व निर्धारित क्षतिपूर्ति** (21-२०८०-८-२८):

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १२०(३) बमोजिम सार्वजनिक निकायका कारण वा विपद् वा काबु बाहिरको परिस्थितिको कारण काम हुन नसक्ने अवस्था बाहेकमा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिई म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ । ठेक्का नं JPM-06-079/080 पानकोट नगरकोट राजकोट सडकको स्तरोन्नति गर्न सन्तोषी निर्माण सेवा सँग रु. २२,१८,९२८ मा मिति २०८०।१।१३ सम्झौता अनुसार मिति २०८०।३।१५ सम्मको सम्झौता अवधि रहेको थियो । पालिकाले मिति २०८०।३।७ मा सन्तोषी निर्माण सेवालाई विभिन्न काममा गुणस्तर नपुगेको तथा कामको गति सुस्त रहेकाले गुणस्तरीय र BOQ अनुसार काम यथाशिघ्र छिटो काम गर्न निर्देशन दिएको छ । त्यसैगरी, मिति २०८०।४।१४ गतेको कार्यपालिकाको निर्णय अनुसार सन्तोषी निर्माण सेवालाई मिति २०८०।९।३० सम्म म्याद थप गरेको देखिएकोमा २०८०।९।२० मा कार्य सम्पन्न भएको छ । निर्माण व्यवसायीको कारणले समयमा काम हुन नसकेकोमा सार्वजनिक खरिद नियमावली को नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरेर मात्र म्याद थप गर्नुपर्नेमा नगरेकोले नियमानुसार दैनिक रु. ९८१।८२ ले हुन आउने १८५ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८१,६३६ |

२५ **भेरिएशन**

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ११८(१) बमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले गो.भौ.नं २०८०।११।०८-३६ मा वडा नं ५ को वडा कार्यालयको भवन निर्माणमा विभिन्न आइटममा सम्झौताको परिमाण भन्दा बढीको निर्माण कार्य गर्दा भेरिएशन स्विकृत गर्नुपर्नेमा नगरेको पाइएकोले उक्त खर्च रकम नियमित हुनुपर्दछ।

| S.N(Item no) | Description of work | सम्झौता परिमाण | भुक्तानी परिमाण | Difference | Rate | Total |
|---|---|---|---|---|---|---|
| B 2 | Site preparation with Earthwork, Hard Boulder, Mix soil | 1024.44 cum | 1131.2 cum | 106.76 cum | 200 | 21,352 |
| B 5 | Providing & Laying stone soling 100m in foundation & floor | 277.81 sq. m | 291.56 sq. m | 13.75 sq. m | 550 | 7,562 |
| B 6 | PCC in 1:2:4 ratio for foundation & floor | 20.84 cum | 21.87 cum | 1.03 cum | 5,400 | 5,562 |
| B 7 | PCC for RCC works (1:1.5:3) for foundations, flooring & wall | 136.7 cum | 140.89 cum | 4.19 cum | 15,000 | 62,850 |
| B 8 | Tor steel reinforcement bar of fe 415/500 | 13358.55 kg | 13818.12 | 459.57 cum | 125 | 57,446 |
| B 22 | 38 to 50 mm thick cement concrete screeding of mix 1:2:4 | 352.76 m² | 365.08 m² | 12.32 m² | 850 | 10,472 |
| B 23 | Supplying and laying out 3mm thick cement punning (1:1) | 324.84 m² | 337.16 m² | 12.32 m² | 550 | 6,776 |
| Total | | | | | | 1,72,020 |

| | |
|---|---|
| अनियमित भएको | १,७२,०२० |

२६ **कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ अनुसार बोलपत्र जमानत तथा नियम ११० बमोजिम कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था रहेको छ । यस कार्यालयबाट गत बिगत तथा चालु बर्षमा बोलपत्र माध्यमबाट सञ्चालन भएका शीत गृह निर्माणमा बर्मा बेताल जे.भि को कार्यसम्पादन जमानत रु. १२,०५,००० तथा लैठीछडा खानेपानी निर्माणमा सन्तोष निर्माण सेवाको कार्यसम्पादन जमानत रु. १५,८०,१५० रहेकोमा कार्यसम्पादन जमानतको म्याद सकिएको पाइएकोले जमानत समेत जोखिम परेको छ । साथै कार्यसम्पादन जमानतको अद्यावधिक अभिलेख राख्नुनपर्नेमा नराखेको सम्झौताको म्याद समाप्त भैसकेको छन । यस तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

२७ **अधुरो निर्माण कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(३) ख मा सेवा प्रदायक वा व्यवसायीले काम नगरेको कारणबाट सार्वजनिक निकायले काम गराउनु पर्दा लागेको थप लागतको दायित्व निज व्यवसायीले व्यहोर्नु पर्ने व्यवस्था छ । त्यस्तै ५९(७) मा सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था छ तथा ५९(८) मा सम्झौता बमोजिम कार्य नगर्ने व्यवसायीबाट सरकारी बाँकी सरह असुल गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयले यो वर्षसम्मका कार्य मध्ये २ निर्माण व्यवसायीले तोकिएको समयमा कार्य सम्पन्न नगरेकोमा पनि कार्य तालिका अनुसार कार्य गर्न व्यवसायीलाई निर्देशन दिएको देखिएन। सम्झौता अवधिको शत प्रतिशत अवधि समाप्त हुँदा पनि व्यवसायीले कार्य नगरेको कारणले आयोजना अधुरा रहेको छ । यस्तो अवस्थामा सम्बन्धित व्यवसायीको कार्य योजना लिएर निर्माण/आपूर्ति कार्य गर्नुपर्दछ। सो अनुसार नगर्ने व्यवसायीको कारणबाट आयोजनाको समय र लागत बढ्दै गएको अवस्थामा ठेक्काको अवस्था विश्लेषण गरी उल्लिखित कानुनी व्यवस्था अनुसार बैकल्पिक माध्यमले कार्य गरेर बढी दायित्व आउने लागत सम्बन्धित निकायवाट भराउने गरी कार्य सम्पादन गराउनुपर्दछ। तसर्थ, सम्झौता अनुसार कार्यसम्पन्न गरेको प्रमाण पेश गर्नुपर्दछ।

| क्र.स. | निर्माण कार्य | निर्माण व्यवसाय | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यस वर्षसम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | शितगृह निर्माण | बर्मा बेताल निर्माण सेवा ज.न.पा.१० | २०७८।०१।२४ | २०७८।०३।१५ | ८०९५१३।१० | ७०% |
| २ | लौंठी छडा खानेपानी निमार्ण कार्य | सन्तोषी निमार्ण सेवा ज.न.पा.-०७ | २०८०।०१।१३ | २०८०।३।१५ | ३५४५४७० | ६०% |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४३,५४,९८३.१ |

२८ **विविध खर्च खाता** (12-२०८०-१०-१९):

पूर्व निर्धारित क्षतिपूर्ति: सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १२०(३) बमोजिम सार्वजनिक निकायका कारण वा विपद् वा काबु बाहिरको परिस्थितिको कारण काम हुन नसक्ने अवस्था बाहेकमा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिई म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ । ठेक्का नं JPM-19-079/080 तिमुरेडी खोल्सीङ्ग खोला देखि प्राविधिक शिक्षालयको सडक मर्मत कार्य रु. १०,२६,०२८ मा मिति २०८०।२।२४ सम्झौता अनुसार मिति २०८०।४।२४ सम्मको सम्झौता अवधि रहेको थियो । पालिकाको प्राविधिक समितिबाट मिति २०८०।५।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई खप्तड निर्माण सेवाले सम्झौता अनुसार कार्य सम्पन्न अवधिमा पनि कुनै पनि कार्य सुरु नगरेको भनि पत्र पठाएको देखियो । त्यसैगरी, मिति २०८०।९।२६ गतेको कार्यपालिकाको निर्णय अनुसार खप्तड निर्माण सेवालाई मिति २०८०।८।३० सम्म म्याद थप गरेको देखिएकोमा २०८०।८।२५ मा कार्य सम्पन्न भएको छ । निर्माण व्यवसायीको कारणले समयमा काम हुन नसकेकोमा सार्वजनिक खरिद नियमावली को नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरेर मात्र म्याद थप गर्नुपर्नेमा नगरेकोले नियमानुसार दैनिक रु. ४५४ ले हुन आउने १२० दिनको पूर्वनिर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने रु. ५४,४८०

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,४८० |

२९ **हेभी इक्विपमेन्ट प्रयोग** (१२८-२०८१-३-२१):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम ९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । सञ्चालित अधिकांश निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सहमति लिएको पाइएन ।

| **गो भौ नं** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| २०८१।३। २१-१२८ | देवस्थली आवि फिल्ड निर्माण उपभोक्ता समिति | देवस्थली आवि फिल्ड निर्माण | ३,५०,००० | JCB | २६,४०० |

तसर्थ, नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

## ३० **खर्च संकेत बिपरित खर्च**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ४१ मा विनियोजन ऐन तथा अन्य ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न निर्दिष्ट शीर्षक तथा उपशीर्षकमा स्वीकृत भएका रकमहरू सोही शीर्षक तथा उपशीर्षकको सीमामा रहेको सुनिश्चित गरी कार्यालय प्रमुखले निर्दिष्ट प्रयोजनको लागि खर्च गर्नुपर्ने ब्यबस्था रहेको छ। पालिकाले नियमावलीमा भएको व्यवस्था सुनिश्चित नगरी तथा एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र ब्याख्या, २०७४ को खर्च संकेत वर्गिकरण र ब्याख्या विपरित देहाय बमोजिम खर्च गरेकोले देखिएकोले उक्त खर्च नियमित हुनुपर्दछ।

| गो भौ नं मिति | कार्य | खर्च भएको शिर्षक | खर्च हुनुपर्ने शिर्षक | खर्च रकम |
|---|---|---|---|---|
| २०८१।३।२०-१२६ | सिमेन्ट तथा सरिया खरिद | ३११२२ | ३११७१ | ३,००,००० |
| २०८१।३।२१-१२८ | मसलन्द खर्च | ३११५९ | २२३११ | २,७५,३५३ |
| २०८१।३।२४-१३६ | भ्रमण खर्च | ३११५८ | २२६१२ | ४६,५२० |
| जम्मा | | | | ६,२१,८७३ |

| | |
|---|---|
| अनियमित भएको | ६,२१,८७३ |

## ३१ **वितरणमुखि खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न खर्च रकम विनियोजन गरी वितरणमुखि कार्यमा देहाय वमोजिम खर्च गरेकोले संकलन गर्नुपर्ने राजस्व संकलन न्युन रहेको र संघ तथा प्रदेश माथि बजेट तथा अनुदानका लागि पुर्ण निर्भर रहेको अवस्थामा वित्तीय समानीकरणबाट प्राप्त रकम सार्वजनिक सेवा, जनजिविका र विकास निर्माणका कार्यमा खर्च गर्नुपर्नेमा यस्ता किसिमका अनुत्पादक तथा वितरणमुखी काममा खर्च गर्नु उचित देखिंदैन। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.नं | आपुर्तिकर्ता तथा भुक्तानी पाउने संस्था । व्यक्ति | बिबरण | परिमाण | भुक्तानी रकम |
|---|---|---|---|---|
| २०८०।९।२०-२५ | रिठापाटा टोल टेण्ट खरिद उपभोक्ता समिति | रिठापाटा टोल टेण्ट खरिद | १ | ७०,००० |
| २०८०।९।२२-२६ | लवासैन मन्दिर भाडाँकुडा खरिद उपभोक्ता समिति | लवासैन मन्दिर भाडाँकुडा खरिद | १ | ५०,००० |
| २०८०।१०।१९-३२ | ओखेडावाडा भाडाँकुडा खरिद उपभोक्ता समिति | ओखेडावाडा भाडाँकुडा खरिद | १ | ५०,००० |
| २०८०।११।१०-३९ | पुवार कन्स्ट्रक्सन | भवानी वहुउद्धेश्यीय कृषि फर्म तारवार | १ | १,९७,८२३ |
| २०८०।१२।२५-५१ | खोलावाडा टोलमा भाडाँकुडा टेण्ट खरिद उपभोक्ता समिति | खोलावाडा टोलमा भाडाँकुडा टेण्ट खरिद | १ | १,००,००० |
| ०८०।१२।२८-६० | न्यू सेती ग्यास ट्रेड एण्ड सप्लायर्स | ग्यास चुलो वितरण | ३१० | २०,००,००० |
| २०८१।२।१३-८६ | सिमखेत भाडाँकुडा तथा टेण्ट खरिद | सिमखेत भाडाँकुडा तथा टेण्ट खरिद | १ | १,००,००० |
| समानिकरण चालु | | | | |
| १००-२०८०।७।२१ | | कपडा वितरण कार्यक्रम | | ६,००,००० |
| १८१-२०८०।८।२४ | चौदसी मेला व्यवस्थापन समिति | मेला व्यवस्थापन | | १,००,००० |
| १८९-२०८०।८।२७ | रमेश बहादुर विष्ट | पिमिडाँडा चौदशी मेला व्यवस्थापन | | ५,००,००० |
| २०५-२०८०।९।२ | करन कान्त जोशी | तागासेलाई मेला व्यवस्थापन | | १,५०,००० |
| ३४३-२०८०।११।४ | हशलाल नेपाली दमाई | गुन्यू चोली वितरण | | ७८,९३० |
| ६२६-२०८१।३।१८ | वडा नं ८ | तिज मनाउने कार्यक्रम | | १,००,००० |

३२ **प्रकोप व्यवस्थापन कोष**

भूकम्पबाट प्रभावितलाई अस्थायी आवास: अस्थायी आवास निर्माणका लागी अनुदान वितरण, भूकम्पबाट प्रभावित घरपरिवारलाई आवास निर्माण अनुदान कार्यविधि, २०८० बमोजिम भुकम्पबाट प्रभावित घरधुरीले सम्झौता गरी पहिलो र दोस्रो किस्ताबाट कुल पचास हजार आवास निर्माण अनुदान प्राप्त गर्न सकिने व्यवस्था रहेको छ । यस नगरपालिकाका भूकम्प पिडित परिवार १४६० मध्ये १७० घरधुरीको अस्थायी आवास निर्माण अनुदान UNDP, MPDS तथा Red cross लगायतका संस्थाहरुले अनुदान दिएकोमा बाँकी १२९० घरधुरीका लागी नेपाल सरकार गृह मन्त्रालय द्धारा नगरपालिका मार्फत अनुदान पठाई पहिलो किस्ता अनुदान रकम रु. ३,२२,५०,००० प्राप्त भएकोमा १२७५ घरधुरीले मात्र अनुसूची १ बमोजिम सम्झौता गरेको देखिन्छ । पहिलो किस्तामा बाँकी रहेको रकम रु. ३,७५,००० समायोजन गरेर दोस्रो किस्तामा १२६० घरधुरीका लागी रु. ३,१५,००,००० अनुदान प्राप्त भएकोमा दोस्रो किस्ताका लागी १२६३ प्रभावितले मात्र आवश्यक प्रकृया पुर्‍याएर अनुदान दिएको देखिन्छ । १२ जना प्रभावितले भने पहिलो किस्ता रकम लिई आवास निर्माण नगरी दोस्रो किस्ता लिन नआएको पाइयो । तसर्थ, पालिकाले कार्यविधिमा रहेको व्यवस्था अनुरुप अस्थायी आवास निर्माण कार्यको सुनिश्चितता गर्नुपर्दछ ।

३३ **सुरक्षा अधिकारी र सल्लाहकार खर्चः**

स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) मा नगरपालिकाको पदाधिकारीहरूको लागि स्वकीय सचिव, सल्लाहकार र केश ब्यबस्थापक राख्न पाउने कानुनी व्यवस्था छैन। पालिकाले यस वर्ष देहाय वमोजिम प्रमुख र उपप्रमुखको सुरक्षा अधिकारी, कानुनी सल्लहकार र केश ब्यवस्थापक राखी पारिश्रमिक खर्च वापत रु.११,०७,०००।०० खर्च लेखेको छ। ऐन अनुसार राख्न नपाउने पदमा सुरक्षा अधिकारी र सल्लाहकार गरी वा दरवन्दी स्विकृत नगरी सम्पादन गरेको कार्य समेत संलग्न नगरी तलब खर्च लेखेको रकम नियमित हुनुपर्दछ।

| सि नं | पद र नाम | मासिक पारिश्रमिक | बार्षिक पारिश्रमिक |
|---|---|---|---|
| १ | मेयर सुरक्षा अधिकारी चन्द्र वहादुर खड्का | २५,०००।०० | ३,००,०००।०० |
| २ | उपमेयर सुरक्षा अधिकारी दिनेश वहादुर सिह | २५,०००।०० | ३,००,०००।०० |
| ३ | कानुनी सल्लाहकार भुपाल राज जोशी | २५,०००।०० | ३,००,०००।०० |
| ४ | केश व्यवस्थापक मालति कुमारी रोकाय | १७,२५०।०० | २,०७,०००।०० |
| जम्मा | | | ११,०७,०००।०० |

| अनियमित भएको | ११,०७,००० |
|---|---|

३४ **स्थानीय भत्ताः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **६७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४४,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४४,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३५ **निजी श्रोतको शिक्षक पारिश्रमिकः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका विद्यालय शिक्षक, कर्मचारी, तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले कानुन निर्माण नगरी पालिका अनुदान शिक्षक व्यबस्था गरी स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षक, कर्मचारीलाइ यस वर्ष रु.१३,६५,०००।००पारिश्रमिक भुक्तानी गरेको छ। पालिकाले शिक्षक विद्यार्थी अनुपात समेत विश्लेषण गरी विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान नगरी पालिका अनुदान शिक्षक व्यवस्था गरी पारिश्रमिक भुक्तानी गरेकोले रकम नियमित हुनुपर्दछ।

| विद्यालयको नाम | पालिकले स्विकृत दरवन्दी | शिक्षक बिद्यार्थि अनुपात | अनुदान खर्च रकम |
|---|---|---|---|
| नारायण मा वि | १ | १९ | ४,५५,०००।०० |
| निल कट्टी मा वि | १ | ४२ | ४,५५,००० |
| भवानी मा वि | १ | १९ | ४,५५,००० |
| | | | १३,६५,०००।०० |

| अनियमित भएको | १३,६५,००० |
|---|---|

३६ **संचय कोष थपः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन संचालन, व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने उल्लेख छ। पालिकाले कर्मचारीको सेवा शर्त सम्बन्धि कानुन नबनाई करार कर्मचारीको मासिक तलबबाट आधारभुत तलब मानको १० प्रतिशत बराबरको रकम कट्टी गरी सोही बराबरको रकम थप गरी कर्मचारी संचय कोष मा जम्मा गरेको पाइयो । कानुन निर्माण नगरी यो वर्ष देहाय बमोजिम कर्मचारीको संचय कोष थप वापत खर्च लेखेकोमा असूल गर्नुपर्ने रु.

| सि. नं. | नाम।थर | श्रेणी।पद | क.सं. कोष थप रकम | महिना | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | तेज बहादुर सिंह | सहायक पाँचौ | ३४७३ | १२ | ४१६७६ |
| २ | गोरख राज जोशी | सहायक पाँचौ | ३४७३ | १२ | ४१६७६ |
| ३ | कलक बहादुर खड्का | सहायक चौथो | ३२९०।२० | १२ | ३९४८२।४ |
| ४ | प्रकाश राज जोशी | सहायक चौथो | ३२९०।२० | १२ | ३९४८२।४ |
| ५ | अजय बहादुर सिंह | सहायक चौथो | ३२९०।२० | १२ | ३९४८२।४ |
| ६ | मदन राज जोशी | कार्यालय सहयोगी | २४७०।२० | १२ | २९६४२।४ |
| ७ | धनन्जय जोशी | कार्यालय सहयोगी | २४७०।२० | १२ | २९६४२।४ |
| ८ | जयनारायण कोइराला | कार्यालय सहयोगी | २४७०।२० | १२ | २९६४२।४ |
| ९ | ज्ञान बहादुर सिंह | कार्यालय सहयोगी | २४७०।२० | १२ | २९६४२।४ |
| १० | धन बहादुर महर | कार्यालय सहयोगी | २४७०।२० | १२ | २९६४२।४ |
| ११ | जगत बहादुर सिंह | कार्यालय सहयोगी | २४७०।२० | १२ | २९६४२।४ |
| | जम्मा | | | | ३,७९,६५३।६ |

| असुल गर्नुपर्ने | ३,७९,६५३.६ |
|---|---|

३७ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज, खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाई पटक पटक आफु अनुकुल बजारमा गई कुल विनियोजन भएको रु. ९५,१२,१७८.९६ मध्ये रु. ९४,६१,५४९.६५ लागत अनुमान तयारी वेगर खरिद गरेको छ । आवश्यकता पहिचान गरी ऐनको व्यबस्था बमोजिम

प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ । यस सम्वन्धमा केही उदाहरण निम्नानुसार छन ।

| भौ.नं. मिति | आपुर्तिकर्ता | प्रयोजन | खर्च रकम |
|---|---|---|---|
| २४६-२०८०।१०।०७ | सगुन ट्रेर्डस अर्डर एण्ड सप्लायर्स | कार्यालय सामाग्री खरिद | ४९९०७१ |
| ६५२-२०८१।०३।२० | सगुन ट्रेर्डस अर्डर एण्ड सप्लायर्स | कार्यालय सामाग्री खरिद | ३२७७०० |
| २९८-२०८०।१०।१६ | अमिर मार्केट्स एण्ड सप्लायर्स | कार्यालय सामाग्री खरिद | २३६६२२ |
| ६१६-२०८१।३।१८ | अमिर मार्केट्स एण्ड सप्लायर्स | कार्यालय सामाग्री खरिद | २८३२५७ |
| २५८-२०८०।१०।८ | बझाङ ट्रेड एण्ड सप्लायर्स | कार्यालय सामाग्री खरिद | १८१२१८ |
| ४४४-२०८१।१।३० | कुशल इन्टरनेशनल | स्मार्ट बोर्ड खरिद | ४२५००० |
| ४६५-२०८१।२।१ | दुर्गा जनरल स्टोर | कार्यालय सामाग्री खरिद | ११७६५५ |
| जम्मा | | | २०,७०,५२३ |

३८ **इन्धन खर्चः**

प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा प्रमुखको सवारी साधनलाई मासिक १७० लिटर इन्धन, उपप्रमुखलाई मासिक १५० लिटर इन्धन र बडाध्यक्षलाई मासिक २५ लिटर सवारी इन्धन पाउने उल्लेख छ । त्यस्तै अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेखे व्यवस्था छ। यस पालिकामा पदाधिकारी को लागी २ वटा हलुका सवारी साधन र १० वटा मोटर साईकल, कार्यालयको प्रयोजन १ सवारी साधन र १२ मोटरसाइकल प्रयोग भएको समेत देखिएको छ । पालिकाले सोको लागी यस वर्ष इन्धन (पदाधिकारी) मा रु. १७,५७,९१९।२२ र इन्धन (कार्यालय प्रयोजन) मा रु. २०,२७,८७२।७८ गरी रु. ३७,८५,७९२ इन्धनमा वजेट खर्च गरेकोमा सवारी साधनको प्रयोगको विश्लेषण गर्दा देहाय वमोजिम पदाधिकारी इन्धनमा रु. ५,९४,६४०।४२ र कार्यालय प्रयोजनमा रु. २३,९२,१३०।१८ वढी इन्धन खर्च गरेको देखिएको छ । पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन र कार्यालयको हकमा अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड भित्र रहि ईन्धन खर्च गरिनुपर्दछ ।

| सवारी साधनको बिबरण तथा संख्या र इन्धनको किसिम | इन्धन (पदाधिकारी) | | | इन्धन (कार्यालय प्रयोजन) | | |
|---|---|---|---|---|---|---|
| | मापदण्ड वमोजिम वार्षिक इन्धन हुने परिमाण | औसत दर | बार्षिक रकम | मापदण्ड वमोजिम वार्षिक इन्धन हुने परिमाण | औसत दर | बार्षिक रकम |
| सवारी सुविधा प्रमुख | १*१७०*१२ | १७०।०७ | ३४६९४२।८० | | | |
| सवारी सुविधा उपप्रमुख | १*१५०*१२ | १७०।०७ | ३०६१२६।०० | | | |
| मो सा वडाध्यक्ष | १०*२५*१२ | १७०।०७ | ५१०२१०।०० | | | |
| कार्यलयसवारी | | | | १*१००*१२ | १७०।०७ | २०४०८४।०० |
| मोटरसाइकल | | | | १८*१०*१२ | १७०।०७ | ३६७३५१।२० |
| दमकल | | | | १*८०*१२ | १५४।६४ | १४८४५४।४० |
| जे सि वी | | | | १*९००*५ | १५४।६४ | ६९५८८०।०० |
| ट्याक्टर | | | | १*१००*१२ | १५४।६४ | १८५५६८।०० |
| जम्मा | | | ११,६३,२७८।८० | | | १६,०१,३३७।६० |
| वजेट खर्च | | | १७,५७,९१९।२२ | | | २०,२७,८७२।७८ |
| दायित्व सृजना | | | | | | १९,६५,५९५।०० |
| वढी खर्च | | | ५,९४,६४०।४२ | | | २३,९२,१३०।१८ |

३९ **मर्मत खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए मालसामान प्रयोगकर्ताले लागत अनुमान स्वीकृत गराई आफ्नै वर्कसप र मर्मत केन्द्र नभए ऐन र नियमावलीको प्रक्रिया अबलम्बन गरी मर्मत अभिलेख खाता तयार गरी मर्मत सम्भार गराउनुपर्ने उल्लेख छ । यस्तो अवस्थामा त्यस्तो मालसामान, सवारी साधन र मेशिनरी औजारको आधिकारिक विक्रेता मर्मत केन्द्र भए सो केन्द्रबाट आवश्यक पार्टपुर्जाको प्रतिस्थापन गरिएको सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई मर्मत सम्भार गर्नुपर्ने हुन्छ । यस बर्ष पालिकाले मर्मत खर्च भुक्तानी गर्दा सवारीसाधनमा रु. २८,५८,२१७ खर्च लेखेकोमा नियमावलीको प्रक्रिया बमोजिम लागत अनुमान स्वीकृत गरी पार्टपुर्जा प्रतिस्थापन गरिएको सम्बन्धित प्राविधिकबाट प्रमाणित गरिएको देखिएन, साथै मर्मत रकम सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेको देखिएन । तसर्थ, नियमको पालना गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

४० **दैनिक भ्रमण भत्ताः**

भ्रमण खर्च नियमावली, २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने भ्रमणबाट फर्केपछि उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धि समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ। साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालिको व्यवस्था गर्नुपर्ने उल्लेख छ । यस वर्षपालिकाले भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शिर्षकमा रु.४१,८७,३६०।०० खर्च गरेको देखियो। कार्यालयले भ्रमण अभिलेख खाता पुर्ण रुपमा नराखेको र भ्रमण प्रतिवेदन तयार गरेको देखिएन । भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन अनिवार्य राखु पर्दछ ।

४१ **सम्झौता कार्यान्वयन**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । गो.भौ.नं. ७०२ मिति २०८१।३।२३ मा पालिकाले जयपृथ्वी नगरपालिकाको जोखिम नक्साङ्कन कार्यको लागि Juji consult Pvt.Ltd संग सम्झौता गरी सम्पुर्ण काम सम्पन्न पश्चात रु. ८,७०,६९४।३८ भुक्तानी गर्ने उल्लेख छ। सम्झौताअनुसार उक्त कन्सल्टेन्सी ले जोखिम नक्साङ्कन को रिपोर्ट तयारी पश्चात २० वटा हार्ड कपी कार्यालयलाई पेश गर्ने, ११ वटै वडामा जोखिम नक्साङ्कन नक्सा टाँस गर्ने र एक जोखिम नक्साङ्कन नक्सा नगरपालिकामा टाँस गर्ने (१२ वटा जोखिम नक्साङ्कन नक्सा पालिकालाई दिने) शर्तनामा उल्लेख छ। लेखापरीक्षणको क्रममा उक्त सम्झौता बमोजिमको कामको कार्य सम्पन्न नभई भुक्तानी भएको देखिएकोले निम्न तालिकामा उल्लेख गरे बमोजिमको रकम उक्त कन्सल्टेन्सी बाट असुल गर्नुपर्ने

| सि।नं। | कार्य विवरण | संख्या | रकम |
|---|---|---|---|
| १ | होडिङ्ग बोर्ड 5*6 (steel board with iron stand) वडाको लागि | ११ | १७६००० |
| २ | होडिङ्ग बोर्ड 6*7 (steel board with iron stand)न।पा। को लागि | १ | २५००० |
| ३ | हार्ड कपी | २० | २४५०० |
| जम्मा | | | २,२५,५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२५,५०० |

४२ **घरभाडाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४मा सार्वजनिक निकायले घरभाडा लिनुपर्दा घरजग्गा भाडा निर्धारण समितिले भाडामा लिने घरजग्गाको भाडा निर्धारण गरेपछी सोको लिखित जानकारी लिएर घरधनिसँग सम्झौता गरी घरभाडामा लिनुपर्ने व्यबस्था छ।पालिकाले घरजग्गा भाडा निर्धारण समितिवाट घरजग्गाको भाडा निर्धारण नगरी विगत वर्षदेखिनै घरभाडा भुक्तानी गर्दै आएको छ। यस आर्थिक वर्षमा घरभाडाको लागी रु. २३,२०,००० बजेट विभिन्न प्रयोजनको लागि विनियोजन भएकोमा रु. २०,२८,०१३ घरभाडा भुक्तानी भएको छ। खरिद कानुनको पालना गरी यस्तो कार्य नियन्त्रण गरिनुपर्दछ।

४३ **प्रमाण पेश नगरेकोः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयमा कुनै किसिमबाट प्राप्त मालसामानको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले भौ.नं. ६३० मिति २०८१।३।१८ वाट आधारभुत स्वास्थ्य सेवा केन्द्र मोर्तलीको लागि मिति २०८०।११।२ मा खरिद गरेको Nebulization Machines For Vaporization सामान को दाखिला गरेको नदेखिएकोले दाखिला गरेको प्रमाणको रुपमा पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,६०० |

४४ **डकुमेन्ट्री भिडियोः**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाको कार्यालयले भौ.नं. ७०४ मिति २०८१।०३।२३ वाट नगर गतिविधिको प्रचार प्रसार र भिडियो डकुमेन्ट्री निर्माण बापत पुर्ण रुपमा तयार गरेको डकुमेन्ट्रि विना दीक्षा मिडिया हाउसलाई रु ३००००० ।०० भुक्तानी गरेकोले डकुमेन्ट्री भिडियो पेश पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

### ४५ परामर्श सेवाः

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८५अनुसार पाँच लाखसम्मको मात्र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ । पालिकामा समयमै काम सम्पन्न नगरि आर्थिक बर्षको अन्तमा मात्र प्रतिबेदनहरु पेशगरिएकापरामर्श सेवाका सम्बन्धमा निम्न ब्यहोरा देखिएका छन ।

o भुउपयोग योजना रु. १८,९७,८३५मा शाहइन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. सँग ४ महिनाभित्र सम्पन्न गर्नेगरी सम्झौताभएकोमा मिति २०८१।०३।०८ मा प्रारम्भिक प्रतिबेदन पेश गरि कार्यपालिकाबाट स्वीकृतगरिएको छ । प्रतिबेदनमा छडके परीक्षण गरी केहि कित्ता भिडाउदा कित्ता नबर र क्षेत्रफल तथा वडाहरु भिडान नभएको देखियो । यस प्रतिवेदन अध्ययन गरी समयमै लागु गर्न प्रक्रिया अगाडी बढाउनुपर्दछ।

o सगंठनतथा ब्यबस्थापन सर्भेक्षण प्रतिबेदनको लागि रु. ३,९३,२४० मा सम्झौता भै ड्राफ्टरिपोर्ट पेश गरेकोमा उक्त रिपोर्टमा छलफल गरी सुझाब सहित स्वीकृत गर्नुपर्दछ।

### ४६ आर्थिक सहायता तथा अनुदानः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा सरकारी सम्पत्तिको हस्तान्तरण, आर्थिक सहायता तथा अनुदान सम्बन्धी व्यवस्था रहेको छ । सो नियमको उपनियम ३ बमोजिम नगद वा वस्तुगत आर्थिक सहायता दिनलाई बजेट पेश गर्दा यथासम्भव लक्ष्य, कार्यक्रम, लागत अनुमान र कुन नियम वा निर्णयबाट कसलाई कसरी वितरण गरिने हो सो प्रष्ट खोली पेश गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी कुनै कार्यक्रम संचालन वा सहायता प्रदान गर्दा कार्यविधि वनाई सो अनुसार नै संचालन गर्नुपर्दछ । पालिका अन्तर्गत जनतासँग मेयर, उपमेयर, दीर्घ रोगी सहायता कार्यक्रम बाट रकम सहायता बितरण गरिएकोमा यथासम्भव लक्ष्य, कार्यक्रम, लागत अनुमान र कुन नियम वा निर्णयबाट कसलाई कसरी वितरण गरिने हो सो प्रष्ट खोली तथा निर्देशिका तथा मापदण्ड स्वीकृत गरि सोका आधारमा खर्च गर्नुपर्नेमा तोकादेशका आधारमाखर्च गरिएको तथा राजनैतिक दल वा भातृसगंठनहरुलाइ सहायता दिन नपाउनेमा सहायता दिने गरेकोले यसमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

### ४७ रकमान्तरः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शि्षर्कबाट पच्चीस प्रतिशत नबढाई पूँजीगत शीर्षकमा रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले सवारी इन्धन, सवारी साधन मर्मत, परामर्श सेवा खर्चमा बिनियोजन गरिएको रकम भन्दा अत्यधिक बढी रकम खर्च गरि पुँजीगत शिर्षकबाट चालुमा रकमान्तर गरेको पाइयो । सुत्र प्रणालीमा पूँजीगत शिर्षकबाट चालुतर्फ रकमान्तर नहुँदा आगामी आर्थिक बर्षमा भुक्तानी हुनेगरी रु. ६४,५७,१२२ दायित्व सारेको छ । यसरि चालु खर्चमा बजेटभन्दाबढी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

### ४८ हिसाब मिलान गर्नुपर्नेः

पालिकाले गैर सरकारी संघ संस्था तथा निजी क्षेत्र बीचको सहकार्यमा गरिबी निवारणका बहुवर्षियपरियोजना जयपृथ्वी नगरपालिकाको वडा नं १, २, ३, ४, ५, ६, ७ मा सञ्चालन गर्ने उद्देश्यले प्रतिस्पर्धाको माध्यमवाट हेफर प्रोजेक्ट नेपाल छनौट भई सम्झौताको अवधि २०८० माघ२५ गते देखि २०८३ असार १७ गते सम्म रहने गरी कुल रकम रु३,४२,८५,७१५।०० मा जसमा पालिकाको २,४०,००,०००।०० (७०प्रतिशत) र हेफर नेपाल १,०२,८५,७१५।०० (३० प्रतिशत) हुनेगरी मिति २०८०/१०/२५ गते यो सम्झौता गरिएकोमा यस वर्ष पालिका र प्रदेश सरकारबाट रु ४९,५५,८५९।००र हेफर प्रोजेक्ट नेपाल बाट रु १४,०७,६८५।०० गरी ६३,६३,५४४।०० खर्च भएको छ।पालिकाले कुल रकमको ७० प्रतिशत रु ४४,५४,४८०।८० खर्च गर्नुपर्नेमा रु ४९,५५,८५९।०० खर्च भएकोले वढी खर्च भएको रकमको हिसाव मिलान गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ५,०१,३७८ |
|---|---|

४९ **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम जेष्ठ नागरिक ,आर्थिक रुपले बिपन्न ,अशक्त तथा असहाय अबस्थामा रहेका ब्यक्ती , असहाय एकल महिला ,अपाङ्गता भएका ,बालबालिका ,आफ्नो हेरचाहा आफै गर्न नसक्ने लोपोन्मुख जातिलाई सामाजिक सुरक्षा भता पाउने अधिकार हुने ब्यबस्था अन्तरगत यस नगर पालिकाले सामाजिक सुरक्षा भता बितरण कार्यविधि, २०७७ वमोजिम सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नाम दर्ता र नवीकरण ,लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि प्रथम ,द्धितिय ,तृतिय चौथो किस्ता गरि जम्मा रु. १०,२३,३२,०७२.९२ बैकिङ प्रणाली मार्फत वितरण गरेको देखिएको छ ।

५० **अनुगमन तथा निरीक्षणः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको सुचक समेत वनाइ निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । कार्यविधिले तोके बमोजिम अनुगमन प्रतिवेदन लिइ प्रतिवेदनको उचित कार्यान्वयन गर्नुपर्दछ ।

५१ **पारदर्शिताः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ. एम लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र स्थानिय तहले भुक्तानी गरेको रकम र वुझिलिने ब्यक्तिको नामावली स्थानीयतहले वडा कार्यालयमा सार्वजनिक गरी आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेकोमा सो बमोजिम पारदर्शिता कायम गरेको देखिएन ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : जयपृथ्वी नगरपालिका, बझाङ , जयपृथिवी नगरपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अम्मर राज जोशी | २०७८-११-४ | २०८१-६-८ |
| कार्यालय प्रमुख | सिद्ध राज पण्डित | २०८१-६-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गोविन्द बहादुर विष्ट | २०७८-१-२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०५५,१६९.६ | ६,१००,११३ | ६,३३३,३३३.१ | ० | ० | ३२२,९०० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १३,८११,५१५.७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १,४३०,१७२ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १२,३८१,३४३.७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४५५३८१५५.०६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४२३४४९१६० | चालु खर्च | ४२६५९९११८.३७ |
| प्रदेश सरकारबाट अनुदान | ३४५४३००० | पूँजीगत खर्च | ७६३२५६७९.७३ |
| राजश्व बाँडफाँट | ८१८०१९८९.३७ | वित्तीय/अन्य व्यवस्था | २२५०४३८३५.९९ |
| आन्तरिक आय | ९४७८७९९.८४ | | |
| अन्य आय | १९२००४४५८.५ | | |
| कुल आय | ७४१२७७४०७.७१ | कुल खर्च | ७२७९६८६३४.०९ |
| बाँकी मौज्दात | | ५८८४६९२८.६८ | |

## अनुसूची - २

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ८,८१,३३,९३९.३३ | ० | ८,८१,३३,९३९.३३ | ८,४६,७७,६४५.३७ | ० | ८,४६,७७,६४५.३७ |
| १३००० | अनुदान | | ४२,१३,०६,३८४.३५ | ० | ४२,१३,०६,३८४.३५ | ४७,०७,६७,६२१.७६ | ० | ४७,०७,६७,६२१.७६ |
| १४००० | अन्य राजस्व | | ३१,५४,२४४.८८ | ० | ३१,५४,२४४.८८ | ३८,५१,१७९.३५ | ० | ३८,५१,१७९.३५ |
| क | कुल जम्मा प्राप्ति | | ५१,२५,९४,५६८.५६ | | ५१,२५,९४,५६८.५६ | ५५,९२,९६,४४६.४८ | | ५५,९२,९६,४४६.४८ |
| ३ | चालु | | ४२,६५,९९,११८.३७ | ० | ४२,६५,९९,११८.३७ | ४०,९३,५१,५५१.६४ | ० | ४०,९३,५१,५५१.६४ |
| २१००० | पारिश्रमिक / सुविधा | | २८,९१,०२,२९७.६० | ० | २८,९१,०२,२९७.६० | २७,७५,७२,६१०.७८ | ० | २७,७५,७२,६१०.७८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १२,२९,५८,३७४.७७ | ० | १२,२९,५८,३७४.७७ | ११,१४,३१,५१२.८६ | ० | ११,१४,३१,५१२.८६ |
| २५००० | सहायता (Subsidy) | | ० | ० | ० | १७,३९,८३६.०० | ० | १७,३९,८३६.०० |
| २६००० | अनुदान | | ० | ० | ० | २,४८,४३९.०० | ० | २,४८,४३९.०० |
| २७००० | सामाजिक सुरक्षा | | १,२५,००,४३३.०० | ० | १,२५,००,४३३.०० | १,६६,४२,२७३.०० | ० | १,६६,४२,२७३.०० |
| २८००० | अन्य खर्च | | २०,३८,०१३.०० | ० | २०,३८,०१३.०० | १७,१६,८८०.०० | ० | १७,१६,८८०.०० |
| ४ | पूंजीगत | | ७,६३,३३,०७४.७३ | ० | ७,६३,३३,०७४.७३ | १७,१०,२०,३८९.९३ | ० | १७,१०,२०,३८९.९३ |
| ३१११० | भवन तथा संरचना | | ३९,७६,७८४.९८ | ० | ३९,७६,७८४.९८ | ४,४५,०००.०० | ० | ४,४५,०००.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३१,२८,२२५.०० | ० | ३१,२८,२२५.०० | २,४७,४३,१५४.०० | ० | २,४७,४३,१५४.०० |
| ३११३० | अन्य पूँजीगत | | ० | ० | ० | १०,९८,८५२.०० | ० | १०,९८,८५२.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खर्च | | | | | | | |
| ३११५० | सार्वजनिक निर्माण | | ६,८९,०१,४५६.७५ | ० | ६,८९,०१,४५६.७५ | १३,६८,२३,३८९.९३ | ० | १३,६८,२३,३८९.९३ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ३,२६,६०८.०० | ० | ३,२६,६०८.०० | ७९,०९,९९४.०० | ० | ७९,०९,९९४.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ५०,२९,३२,१९३.१० | | ५०,२९,३२,१९३.१० | ५८,०३,७१,९४१.५७ | | ५८,०३,७१,९४१.५७ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ९६,६२,३७५.४६ | | ९६,६२,३७५.४६ | (२,१०,७५,४९५.०९) | | (२,१०,७५,४९५.०९) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ३६,४६,३९८.१४ | | ३६,४६,३९८.१४ | (१,५५,१३,२२५.७४) | | (१,५५,१३,२२५.७४) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १,३३,०८,७७३.६० | | १,३३,०८,७७३.६० | (३,६५,८८,७२०.८३) | | (३,६५,८८,७२०.८३) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ४,५५,३८,१५५.०६ | | ४,५५,३८,१५५.०६ | ८,२१,२६,८७५.८९ | | ८,२१,२६,८७५.८९ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ५,८८,४६,९२८.६६ | | ५,८८,४६,९२८.६६ | ४,५५,३८,१५५.०६ | | ४,५५,३८,१५५.०६ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।